बरहथवा नगरपालिका
Barahathawa Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
बरहथवा, सर्लाही
Barahathawa, Sarlahi
प्रदेश नं. २, नेपाल
Province No. 2 (Nepal)
☎ 046-540310


पत्र संख्या (Letter No.):–

चलानी नम्बर (Ref. No.):–

मिति Date:– .....................

# बरहथवा नगरपालिकाको निजी आवादी जग्गाबाट ढुंगा, गिट्टी, बालुवा र माटो उत्खनन् र बिक्री वितरण कार्य बन्द गरिएको बारेको अत्येन्त जरूरी सूचना !!!

**बरहथवा नगरपालिका** क्षेत्रभित्रको निजी आवादी/नम्बरी जग्गाबाट अनधिकृत रुपमा मापदण्ड विपरित आफु खुसी ढुंगा, गिट्टी, बालुवा र माटो उत्खनन् र बिक्री वितरण व्यापकरुपमा हुँदै आएको कारण बर्षायाममा भू- क्षय तथा डुवानको समस्या देखिन थालेको र पर्यावरण तथा नगरको सौन्दर्यतामै असर पर्नेगरी नगरको पहिचान नै हराउने अवस्थाप्रति यस नगरपालिकाको गम्भीर ध्यानाकर्षण भई नगर कार्यपालिकाको मिति २०७६ साल मंसिर २३ गतेको निर्णयानुसार निजी आवादी जग्गाबाट प्राकृतिक स्रोतको उत्खनन्, दोहन र बिक्री वितरण गर्ने कार्य तत्काल बन्द गर्ने निर्णय भएको छ । उक्त निर्णयको बर्खिलाप कोही कसैले जवरजस्ती गरेमा प्रचलित कानून र नगरकार्यपालिकाको निर्णय बमोजिम उक्त कार्यलाई सार्वजनिक अपराध मानी हदैसम्मको दण्ड जरिवाना सहित आवश्यक कानूनी कार्यवाही भई जाने हुँदा त्यस प्रकारको गैह्र कानूनी एवं नगरको हित विपरितको कार्य नगर्न नगराउन हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन /प्रशारण गरिएको छ ।

बरहथवा नगरपालिकाले आफनो भूगोललाई जनचाहना र सम्भाव्यताका आधारमा भू-उपयोग योजना बनाई निकट भविश्यमै कार्यान्वयण गर्न लागेको तथा पर्यावरण र नगर सौन्र्दयतामा असर नपर्ने गरी निश्चित क्षेत्रका निजी आवादी जग्गाबाट ढुंगा, गिट्टी, बालुवा र माटो लगायतका प्राकृतिक स्रोत उत्खनन् र बिक्री बितरण गर्नु पर्ने भएमा यस नगरपालिकाको पूर्व स्वीकृती लिई वातावरणीय प्रभाव मुल्यांकन गराई तोकिएको मापदण्ड र शुल्क बुझाई उत्खनन् र बिक्री वितरण गर्न सकिने हुँदा सो सम्वन्धमा यस कार्यालयमा सर्म्पक राख्न हुन समेत सम्वन्धित सबैलाई सूचित गरिन्छ । साथै ढुंगा, गिट्टी, बालुवा र माटो निकासीको लागि बागमती र लखनदेही नदीको ठेक्का व्यवस्थापन भइरहेकोले ठेक्का नलागनजेलसम्म कार्यालयबाट अमानतमा दहत्तर बहत्तर शुल्क असुलीको लागि व्यवस्था मिलाइएको व्यहोरा सूचित गरिन्छ ।

बरहथवा नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही

प्रकाशन र प्रशारण गर्ने गरी